# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

## डीनको कार्यालय, परीक्षा शाखा

## बीर अस्पताल, महाबौद्ध, काठमाडौं

# स्नातकोत्तर MD/MS/MDS तहमा नयाँ विद्यार्थी भर्नासम्बन्धी सूचना

यस चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले शैक्षिक वर्ष २०७५/७६ मा सञ्चालन गर्ने स्नातकोत्तर (MD/MS/MDS) तहमा नयाँ विद्यार्थी भर्नाका लागि यो सूचना प्रकाशित गरिएको छ । नेपाल मेडिकल काउन्सिलमा कम्तिमा अस्थायी र स्थायी दर्ता भई नेपाल सरकारको सरकारी सेवाका चिकित्सकहरू, जो कानुनबमोजिम अध्ययन विदा पाउन योग्य भएका र अन्य चिकित्सकहरूको हकमा (मान्यता प्राप्त स्वास्थ्य संस्थाहरूमा कम्तिमा १ वर्षको कार्य अनुभव भएका) नेपाली नागरिक उम्मेदवारहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको अनलाइन आवेदन फाराम मिति २०७५।३।२६ देखि २०७५।४।२० गतेसम्म भर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । Online फाराम website: online.nams.org.np मा गई भर्न सकिनेछ र परीक्षा शुल्क रु. ३,१००।- (तीन हजार एक सय रुपैयाँ फिर्ता नहुने गरी) ई-सेवाबाट मात्र online तिर्न सकिनेछ । अनलाइन फाराम भर्दा केही समस्या आएमा ई-सेवाका टोल फ्रि नम्बर : १६६०-०१०-२१२१ मा सम्पर्क गर्नु होला । थप जानकारीका लागि यस प्रतिष्ठानको website: nams.org.np मा हेर्न सकिनेछ ।

१. "सरकारी चिकित्सक" भन्नाले न्यूनतम दुई वर्ष स्थायी सेवा गरेका नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गत कार्यरत चिकित्सकहरु र नेपाल सरकारको स्वामित्व रहेका वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रि.वि.शिक्षण अस्पताल, वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, निजामती कर्मचारी अस्पताल र मानव अंग प्रत्यारोपण केन्द्र तथा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा कार्यरत स्थायी चिकित्सक सम्झनु पर्दछ ।

२. छनौटका आधार: छात्रबृत्तिमा चिकित्सकहरुको छनौट गर्दा प्राथमिकताको आधारमा गरिनेछ र सो आधार क्रमानुसार
   क) नेपाल स्वास्थ्य सेवा ऐन अन्तर्गत कार्यरत स्थायी चिकित्सकहरु ।
   ख) नेपाल सरकारको स्वामित्वमा रहेका वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रि.वि.शिक्षण अस्पताल, वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, निजामती कर्मचारी अस्पताल, मानव अंग प्रत्यारोपण केन्द्रमा कार्यरत स्थायी चिकित्सकहरु ।
   ग) नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा कार्यरत चिकित्सकहरु ।

३. <u>अध्यापन गराईने विषयहरु:</u>

| S. No. | MD/MS/MDS Subject |
|---|---|
| 1 | Anaesthesiology |
| 2 | Dermatology |
| 3 | General Practice |
| 4 | Internal Medicine |
| 5 | Obstetrics & Gynaecology |
| 6 | Ophthalmology |
| 7 | Paediatrics |
| 8 | Pathology |
| 9 | Psychiatry |
| 10 | Radiation Oncology |
| 11 | Radiodiagnosis |
| 12 | General Surgery |
| 13 | Orthopaedics & Trauma Surgery |
| 14 | ORL & Head & Neck Surgery (ENT & HNS) |
| 15 | Periodontology & Oral Implantology |
| 16 | Prosthodontics |
| 17 | Conservative Dentistry & Endodontics |
| 18 | Oral & Maxillofacial Surgery |
| 19 | Orthodontics |

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल, नेपाल

<u>द्रष्टव्य:</u>

१. भर्नाको लागि योग्य हुन प्रवेश परीक्षामा कम्तिमा ५०% अङ्क प्राप्त गर्नुपर्नेछ ।
२. प्रवेश परीक्षाको पूर्णाङ्क १०० र परीक्षा अवधि २ घण्टाको हुनेछ ।
३. सरकारी सेवाका चिकित्सक उम्मेदवारहरु उपलब्ध भएसम्म निजहरुलाई भर्ना गरिनेछ । बांकी रहेको सिटमा मात्र Merit List को आधारमा Counselling गरी खुल्ला अन्य नेपाली चिकित्सकहरुवाट भर्ना लिइनेछ ।
४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा कार्यरत चिकित्सकहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पूर्व स्वीकृति, अन्य सरकारी संस्थामा कार्यरत चिकित्सकहरुले सम्वन्धित संस्थाको पूर्व स्वीकृतीको पत्र, स्थायी नियुक्तिको प्रतिलिपी र अध्ययन विदाको लागि योग्य भएको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्थायी चिकित्सक उम्मेदवारहरु लाई मात्र दुर्गम क्षेत्रको कार्य अनुभवको अंक दिइनेछ ।
६. MD General Practice विषयको हकमा कार्य अनुभव आवश्यक पर्ने छैन ।
७. MD/MS/MDS Resident हरुको Posting काठमाडौं उपत्यका बाहिरका अस्पतालहरुमा समेत अनिवार्य रुपमा गरिनेछ ।
८. शुल्कको हकमा "सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२" अनुसार हुनेछ ।
९. सिट संख्या नेपाल मेडिकल काउन्सिलको Guidelines अनुसार पछि जानकारी गराईनेछ ।
१०. छनौट भएका सवै चिकित्सकहरुले भर्ना पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग अनिवार्य करारनामा गर्नु पर्नेछ ।
११. प्रवेश परीक्षाको मिति, समय र स्थान पछि प्रतिष्ठानको Web-site मा प्रकाशित गरिनेछ ।
१२. अन्य थप जानकारी चाहिएमा यस प्रतिष्ठानको डीनको कार्यालयमा सम्पर्क राख्न सम्वन्धित सवैलाई सूचित गरिन्छ ।